इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# इस्मा गाउँपालिका
# कुमाल लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

इस्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

इस्मारजस्थल, गुल्मी

इस्मा गाउँपालिका

## कुमाल लक्षित कार्यक्रम संचालन कार्यविधि, २०८२

**प्रस्तावना**

इस्मा गाउँपालिकाभित्रका आदिवासी जनजातिहरु मध्येको एउटा मुख्य जाति कुमाल जाति रहेको छ । इस्मा गाउँपालिकाको कूल जनसंख्याको करिब एक तिहाई जनसंख्या कुमाल जातिले ओगटेको छ । कुमाल जाति आदिवासी जनजाति भएतापनि यिनीहरुको आफ्नो छुट्टै भाषा भने नभएतापनि  कला, संस्कृति भने छुट्टै रहेको पाइन्छ । यिनीहरुको शैक्षिक र आर्थिक अवस्था अन्य जनजाति र दलितहरुको भन्दा पनि कमजोर रहेको छ । यसैले इस्मा गाउँपालिकाभित्रका सम्पूर्ण कुमाल जातिको संरक्षण र समृद्धिको लागि स्थानीय सरकारले पहल कदमी लिन अपरिहार्य रहेको छ । समग्र सामाजिक क्षेत्रमै पछाडि पारिएका विपन्न कुमाल जातिको लागि लक्षित कार्यक्रमको माध्यमबाट सीप, क्षमता र दक्षता अभिवृद्धि गर्न तथा कुमाल जातिको सामाजिक, आर्थिक विकास गर्दै उनीहरुको हित प्रवर्द्धन गर्नको लागि आवश्यक कानुनी व्यवस्था गर्नु वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र इस्मा गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले कुमाल लक्षित कार्यक्रम संचालन कार्यविधि २०८२ तयार गरी लागू गरेको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम** : यो कार्यविधिको नाम **"इस्मा गाउँपालिका, कुमाल लक्षित कार्यक्रम संचालन कार्यविधि, २०८२"** रहेको छ ।

२. **प्रारम्भ** : यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**३. परिभाषा** : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा-

(१) "कार्यविधि" भन्नाले "इस्मा गाउँपालिका, कुमाल लक्षित कार्यक्रम संचालन कार्यविधि, २०८२" लाई सम्झनुपर्दछ ।

(२) "वडा समिति" भन्नाले वडा अध्यक्षको अध्यक्षतामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गठित वडा समितिलाई सम्झनुपर्दछ ।

(३) "गाउँपालिका" भन्नाले इस्मा गाउँपालिकालाई सम्झनुपर्दछ ।

(४) "कार्यपालिका" भन्नाले इस्मा गाउँपालिकाको गाउँकार्यपलिकालाई सम्झनुपर्दछ ।

(५) "अध्यक्ष" भन्नाले इस्मा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इस्मा गाउँपालिकाको "प्रमुख प्रशासकीय अधिकृत"सम्झनु पर्दछ ।

७) "गैह्रसरकारी संस्था" भन्नाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थालाई सम्झनुपर्दछ ।

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## परिच्छेद ३
## विविध

**८. सहयोग र समन्वयमा काम गर्नुपर्ने :**

(१) उपभोक्ता समितिले गाउँपालिकाको सामाजिक विकास शाखासँगको समन्वयमा काम गर्नुपर्नेछ ।

(२) उपभोक्ता समितिको काममा सहयोग र समन्वय गर्नु सामाजिक विकास शाखाको कर्तव्य हुनेछ ।

(३) यस कार्यविधि बमोजिम उपभोक्ता समितिले गर्ने काममा कार्यपालिका, वडा समिति र गाउँपालिकाभित्र रहेका कार्यालयहरुले आवश्यक सहयोग र समन्वय गर्नुपर्नेछ ।

**९. प्रचलित कानुन बमोजिम हुने :**

यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र यसमा उल्लेख नभएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१०. संशोधन :**

गाउँ कार्यपालिकाले यस कार्यविधिको कुनै परिच्छेद वा दफा वा उपदफा वा कुनै अंशमा थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**११. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने :**

कार्यपालिकाले यस कार्यविधिको कार्यान्वयनको क्रममा थप व्याख्या गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१२. बचाऊ :**

यस कार्यविधिको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित कानुन बमोजिम यसअघि भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

भगत सिंह खड्का
अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## परिच्छेद २

## कार्यान्वयन र व्यवस्थापन

**४. कार्यक्रम छनौट :**

(१) कार्यान्वयन गरिने कार्यक्रम वा आयोजना गाउँ सभाबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(२) गाउँ कार्यपालिकाले कुमाल लक्षित कार्यक्रमबाट क्षमता विकास, तालिम, आर्थिक सहायता, जिन्सी सहायता, छात्रवृत्ति लगायतका शीर्षकमा स्वीकृत बजेट बाँडफाँट गर्न सक्नेछ ।

३) गाउँ कार्यपालिकाबाट स्वीकृत कार्यक्रम सञ्चालन विधि दफा ५ बमोजिम हुनेछ ।

**५. कार्यक्रम कार्यान्वयन :**

(१) कुमाल जातिमा पर्ने ब्यक्ति/समूह/संगठनले आफूलाई आवश्यक परेका आवश्यकता/कार्यक्रमहरु गाउँ कार्यपालिकाको कार्यालयमा माग गर्न सक्नेछन् ।

(२) आर्थिक सहायता, जिन्सी सहायता, छात्रवृत्ति लगायतका कार्यक्रमहरुका बारेमा गाउँ कार्यपालिकाको निर्णयानुसार गरिनेछ ।

३) क्षमता विकास लगायतका कार्यक्रमहरु कार्यान्वयनका लागि कुमाल समुदायमा सञ्चालित युवा क्लब, समूह वा सङ्गठित संघसंस्थाहरु मार्फत कार्यालयले सञ्चालन गर्न सक्नेछ ।

उपर्युक्त बमोजिमका कार्यक्रमहरु संचालन गर्दा कार्यालयले सात (७) दिनको समय दिई सूचना आह्वान गरी पर्न आएका प्रस्तावहरुमध्येबाट कार्यपालिका बैठकबाट छनौट भएका प्रस्तावकहरुसँग सम्झौता गरी कार्यान्वयन गर्नेछ ।

**६. उपभोक्ता समिति गठन गर्न सक्ने :**

(१) कार्यालयले गर्नुपर्ने काम कारवाही सुचारुरुपले गर्नको लागि आवश्यकता अनुसार उपभोक्ता समिति गठन गर्न सक्नेछ ।

**७. अनुगमन र मूल्यांकन :**

(१) उपभोक्ता समिति मार्फत् सञ्चालन भइरहेका कार्यक्रमहरुको अनुगमन गाउँपालिका स्तरीय अनुगमन समितिका पदाधिकारीहरुबाट हुनेछ ।

(२) गाउँपालिकाको अनुगमन तथा मूल्यांकन समितिको काममा सहयोग गर्नु उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

भगत सिंह खड्का
अध्यक्ष